म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष ११, अंक २७८ मंगलबार ३ जेठ २०७९ ने. सं. ११४२ बछलाथ्व 17 May, 2022 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

चट्याङ लागेर एक किशोरीको मृत्यु

काठमाडौं, २ जेठ/चट्याङ लागेर काभ्रेको रोशी गाउँपालिकामा एकजनाको मृत्यु भएको छ । सोमबार हावाहुरीसहितको भारी वर्षासँगै चट्याङ परेको थियो ।

जिल्ला प्रहरी कार्यालय काभ्रेका डीएसपी हरि खतिवडाका अनुसार रोशी गाउँपालिका ९ की १७ वर्षीय साजनी लुइ्रेलीको मृत्यु भएको बताए ।

काभ्रेमा भारी वर्षाका साथै हावाहुरीका कारण कोशीपारि क्षेत्रमा घरको छानोसमते उडाएको छ । यस्तै जिरोकिलोबाट मेलम्ची जाने सडकको जिरोकिलो कुनतावेशी सडकखण्डमा बाढीले लेदो ल्याउँदा सडक जोखिमपूर्ण बनेको छन् ।

-साभार: बाह्रखरी

इन्द्रसरोवर र भीमफेदीमा एमाले, कैलाश अध्यक्षमा कांग्रेस विजयी

साझाकुरा संवाददाता

हेटौंडा, २ जेठ/ स्थानीय तह निर्वाचन-२०७९ अन्तर्गत् बैशाख ३० गते शुक्रबार सम्पन्न मतदानको मतगणना जारी छ ।

समाचार तयार पार्दासम्म मकवानपुरको १० स्थानीय तहमध्ये ३ वटा स्थानीय तहको अन्तिम मतपरिणाम सार्वजनिक भइसकेको छ । मकवानपुरको भीमफेदी गाउँपालिका, कैलाश गाउँपालिका र ईन्द्रसरोवर गाउँपालिकाको अन्तिम मतपरिणाम आएको हो ।

जसअनुसार भीमफेदीको अध्यक्षमा एमाले र उपाध्यक्षमा गठबन्धनबाट कांग्रेस उम्मेदवार, ईन्द्रसरोवरको दुबै पदमा एमाले उम्मेदवार र कैलाश गाउँपालिकाको अध्यक्षमा गठबन्धनको तर्फबाट कांग्रेस उम्मेदवार र उपाध्यक्षमा माओवादी उम्मेदवार बिजयी भएका हुन् । कैलाश गाउँपालिकाको अध्यक्षमा गठबन्धनबाट कांग्रेसका उम्मेद्वार लोकबहादुर मुक्तान चारहजार ८९७ मतसहित निर्वाचित भएका छन् । उनका प्रतिस्पर्धी नेकपा एमालेका उम्मेदवार नरेन्द्रलाल रिजालले ४ हजार ९३ मत पाएका छन् ।

यसैगरी, उपाध्यक्षमा गठबन्धनबाट नेकपा माओवादीका बालकुमार मल्ल ठकुरी चारहजार ८८ मतसहित निर्वाचित भएका छन् । उनका प्रतिस्पर्धी सुकुमाया भिडले ३ हजार ९ सय ३७ मत ल्याएकी छन् । २०७४ सालको निर्वाचनमा एमालेबाट कैलाश गाउँपालिकाको उपाध्यक्षमा निर्वाचित भएकी उनी यो निर्वाचनमा भने पराजित भएकी हुन् । त्यस्तैगरी मकवानपुरको ईन्द्रसरोवर गाउँपालिकाको अध्यक्षमा नेकपा एमालेका उम्मेदवार देवकृष्ण पुडासैनी शर्मा बिजयी भएका छन् ।

एमालेका पुडासैनीले ३ हजार ७ सय २२ मत ल्याउँदै गाउँपालिकाको अध्यक्षमा निर्वाचित भएका हुन् । उनका प्रतिस्पर्धी नेपाली कांग्रेसका विश्वलाल लामाले ३ हजार ४ सय ७२ मत ल्याए । उपाध्यक्षमा पनि एमालेको उम्मेदवार उमाकुमारी लामा विजयी भएकी छन् । उनले ३ हजार ७२५ मत ल्याउँदै उपाध्यक्षमा निर्वाचित भएकी हुन् । उनको प्रतिस्पर्धी निर्मला रुम्बाले ३ हजार ६५६ मत ल्याइन् । यसैगरी, ईन्द्रसरोवरको ५ वडाहरुमा ३ वटा वडामा नेपाली कांग्रेस र २ वटा वडामा नेकपा एमाले बिजयी भएको छ । उपाध्यक्षमा निर्वाचित लामा यसअघि २०७४ मा सम्पन्न स्थानीय तहको निर्वाचनमा पनि एमालेबाट सोहि गाउँपालिकाको उपाध्यक्षमा निर्वाचित भएकी थिइन् । २०७४ मा भएको स्थानीय तहमा पनि इन्द्रसरोवरमा अध्यक्ष र उपाध्यक्षमा नेकपा एमालेका उम्मेदवार बिजयी भएका थिए ।

मकवानपुरको भीमफेदी गाउँपालिकाको अध्यक्षमा नेकपा एमालेका हिदम लामा बिजयी भएका छन् । दोस्रो कार्यकालका लागि भीमफेदीमा अध्यक्षमा बिजयी भएका हुन् । उनले पाँच दलीय गठबन्धनको तर्फबाट नेकपा माओवादी केन्द्रका अध्यक्ष उम्मेदवार बद्रीबहादुर स्याङ्तानलाई पराजित गर्दै लामा बिजयी भएका हुन् । लामाले ५ हजार ५ सय ९१ मत प्राप्त गरे । उनका निकटतम् प्रतिस्पर्धी स्याङ्तानले ५ हजार २ सय ९ मत प्राप्त गरे । लामा भीमफेदीका निर्वतमान अध्यक्षसमेत हुन् ।

उपाध्यक्षमा भने गठबन्धनको तर्फबाट कांग्रेसका उम्मेद्वार संजीव श्रेष्ठ बिजयी भएका छन् । श्रेष्ठले ५ हजार ३ सय १५ मत प्राप्त गरे । उनले एमालेकी पार्वती रानालाई १६ मतान्तरले पराजित गरेका छन् । रानाले ५ हजार २ सय ९९ मत प्राप्त गरिन् । अघिल्लो स्थानीय तह निर्वाचनमा राना उपप्रमुखमा निर्वाचित भएकी थिइन् । अन्तिम मतपरिणाम आउन बाँकी रहेको मकवानपुरको अधिकांश स्थानीय तहमा गठबन्धनको उम्मेदवारले अग्रता लिएका छन् ।

तीन दशकपछि हेटौंडा-२ मा कांग्रेसको कमब्याक

साझाकुरा संवाददाता

हेटौंडा, २ जेठ/ करिब तीन दशकपछि हेटौंडा उपमहानगर पालिका-२ मा नेपाली कांग्रेसले कमब्याक गरेको छ ।

स्थानीय तह सदस्य निर्वाचन-२०७९ अन्तर्गत् भएको निर्वाचनमा विजयी हुँदै हेटौंडा उपमहानगरपालिका-२ मा कांग्रेसले तीन दशकपछि कमब्याक गरेको हो । गठबन्धनका तर्फबाट उम्मेदवार बनेका नेपाली कांग्रेसका उम्मेदवार विष्णुगोपाल महर्जन वडाध्यक्षमा विजयी भएका छन् ।

सोमबार बिहान सम्पन्न मतगणनाअनुसार महर्जनले १२ सय ५८ मत प्राप्त गर्दै वडाअध्यक्षमा निर्वाचित भएका हुन् । अर्का प्रत्यासी नेकपा एमालेका हरि राउतले ८ सय ६४ मत प्राप्त गरेका छन् । वडाध्यक्षमा महर्जनसँगै खुला वडा सदस्यमा नेपाली कांग्रेसबाट सुरज बर्तौला (१२२६), नेकपा माओवादी केन्द्रबाट ईन्द्रप्रसाद रिजाल (११७३), महिला सदस्यमा नेकपा एकीकृत समाजवादीबाट तारा ढुंगाना (१३६२) र दलित महिलातर्फ नेपाली कांग्रेसबाट मैया परियार (१२५५) निर्वाचित भएका छन् । निर्वाचित सबै गठबन्धन दलका उम्मेदवार थिए ।

ADMISSIONS OPEN FOR 2079

From Nursery to Grade 9

Scholarships

a feature of socially responsible institution...

Madhav Raj Sumargi Memorial Scholarship based on Entrance Tests 189+ Seats

Rup Chandra Bista "Thaha" Memorial Scholarship based on Students' Talent 108+ Seats

Bishwakanti Kalawati Sumargi Scholarship based on Students' Rank 39+ Seats

Scholarship Test 4 Jestha 2079

APPLY NOW Admission forms are also available online www.admission.hetaudaacademy.edu.np

HETAUDA ACADEMY
RESIDENTIAL SECONDARY SCHOOL
Shahid Smarak, Hetauda-11, Makawanpur, Nepal
Tel: 057-525548, 525547, 523547
Web: www.hetaudaacademy.edu.np
Email: info@hetaudaacademy.edu.np

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

सेवाहरू:

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

हेटौंडालाई Green City बनाउने उद्देश्यसहित
सुन्दर नगरी हेटौंडामा बिक्री
शुभारम्भ

YADEA e-SCOOTERS

GRAND OPENING

Offer
रू.१०,०००।-
नगद छुट

YADEA e-SCOOTER का विशेषताहरु:
- Full Charge गर्न ४-५ घण्टा लाग्ने ।
- Full Charge ले १०० किमी कुद्ने ।
- २००० वाट क्षमता भएकोले एकपटक Full Charge गर्दा १.५ युनिट विद्युत् खपत ।
- ट्यूबलेस टायर ☞ व्याट्रिमा एक वर्ष वारेन्टी

बर्षा ई-अटोमोबाइल्स
हेटौंडा-२, चौकीटोल (भाटभटेनी नजिकै)
प्रो. सबी भण्डारी ९८५५०६७४६०

साझाकुरा

हाम्रो कुरा

चुरे संरक्षण जरुरी

चुरे क्षेत्रको विनाशको कारण तराईका उब्जाउ भूमि मरुभूमि बन्ने खतरा बढ्दै गएपछि यसको संरक्षणमा चासो बढिरहेको छ । सरकारले केही वर्षअघिदेखि राष्ट्रपति चुरे संरक्षण कार्यक्रम सञ्चालनमा ल्याई चुरे क्षेत्रको संरक्षण सुरु गरेसँगै यसप्रति चासो पनि बढेको देखिन्छ । त्यतिले मात्र नभएपछि सरकारले वातावरण संरक्षण ऐन २०५३ अनुसार चुरेलाई संरक्षित क्षेत्र घोषणा गरेको छ । २०७१ साल असार २ गतेको मन्त्रिपरिषद्को निर्णयअनुसार राष्ट्रपति तराई मधेस संरक्षण विकास समिति गठन गरी प्रत्येक वर्ष असार २ गते चुरे संरक्षण दिवसको रुपमा मनाउन थालिएको छ । चुरे संरक्षणका लागि सरकारी तथा गैरसरकारी निकाय लागे पनि संरक्षणका चुनौतीहरु दिनानुदिन बढ्दै गएको पाइएको छ ।

नेपालको भूबनोटमा चुरे क्षेत्रको आफ्नै महत्व छ । पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म फैलिएको चुरेले मुलुकका झण्डै आधा जिल्ला छोएको छ । तराई र पहाडलाई जोड्नेमात्र होइन, चुरे श्रृंखला प्राकृतिक, जैविक तथा भौगोलिक दृष्टिले अति मूल्यवान मानिन्छ । तराईको रक्षकको रुपमा रहेको चुरे क्षेत्रबाट उत्पति भएका खोलानालाले तराईमा पानीको स्रोत बृद्धिमा पनि सहयोग पुऱ्याएको छ । चुरे संरक्षणका लागि सरकारले राष्ट्रपति चुरे संरक्षण कार्यक्रम सञ्चालन गर्दा पनि प्रभावकारी नभएपछि चुरे मधेश विशेष संरक्षण क्षेत्र घोषणा गरी चुरे संरक्षणका लागि थप प्रयास थालेको हो । चुरे मधेश संरक्षण विशेष समिति गठन गरी सरकारले चुरे क्षेत्रका वन, वन्यजन्तु, जलाधार, माटो, ढुङ्गालगायत प्राकृतिक साधन संरक्षण प्रयास थालेको हो । मुलुकको ३३ जिल्लाको ठूलो क्षेत्रलाई समेटर ल्याइएको विशेष संरक्षण कार्यक्रम प्रभावकारी बन्न सकेको छैन । मुलुकको प्राकृतिक सन्तुलन र तराईको उर्बर भूमि तथा बस्ती संरक्षणमा चुरे क्षेत्रको विशेष महत्व छ । चुरे श्रृंखला तराईको लागि सुरक्षा पेटी हो । तराईको जलभण्डार, वन, वनस्पति, जडीबुटी तथा काठजन्य स्रोतका लागि देशकै मूल्यवान सम्पदा रहेको चुरे क्षेत्रको राम्रो व्यवस्थापन गर्नसके जीविकोपार्जनदेखि उत्पादनशील भूमिको संरक्षण हुनसक्ने थियो । चुरे क्षेत्रको सम्पदाको चोरी निकासी तथा जथाभावी फँडानी, अनियन्त्रित बसोबास, क्रसर उद्योगको स्थापना र जमिन उत्खनन् जस्ता कारणले विनाश तीव्ररुपले हुन थालेपछि राज्यले संरक्षणका निम्ति विशेष पहल सुरु गरेको हो ।

समयमै चुरे क्षेत्रका वन तथा जमिन संरक्षण गर्न नसकेमा तराई तथा भित्री मधेशमा त्यसले व्यापक असर पार्ने पक्का छ । चुरे संरक्षणको नाममा वर्षौदेखि यस क्षेत्रमा बसोबास गरिरहेका मानिसको जनजीवनमा असर पार्नु हुँदैन । चुरे क्षेत्रको संरक्षणका लागि सरकारले २० वर्षे गुरुयोजना पारित गरिसकेको अवस्थामा प्रभावकारी कार्यान्वयन गरेर चुरे संरक्षणका चुनौतीलाई हल गर्नु आवश्यक छ । सरकारले चुरे संरक्षणका लागि ल्याएको विशेष संरक्षण क्षेत्र कार्यक्रम कार्यान्वयनमा स्थानीय समुदायको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दै उनीहरुसँगै हातेमालो गरी संरक्षणका प्रयास अघि बढाउनु उचित हुनेछ ।

महत्वपूर्ण टेलिफोन नम्बरहरू

मकवानपुर प्रहरी	
प्रहरी कन्ट्रोल:	१००
जिल्ला ट्राफिक:	५२०५९९
वडा प्रहरी:	५२०२९९
पशुपतिनगर इलाका:	५२०५९८
पालुङ इलाका:	६२०४६७
मनहरी इलाका:	९८५५०९०१६१
इलाका फापरबारी:	६२१९८०
इलाका भीमफेदी:	६९१४६२
इलाका ठिंगन:	९८४५२९९३८१
चौकीटोल चौकी	९७४२५५९५०१
चित्लाङ चौकी:	६९२०००
चौघडा चौकी	९८४४०५४६०४
नेवारपानी चौकी:	९७५५०००२९९
फाखेल चौकी:	९८४५०३१३९८
पदमपोखरी चौकी:	९८४५०९९७८९

एम्बुलेन्स सेवा	
नेपाल रेडक्रस:	५२०७१९, ९८५५०२८९५२
हेटौंडा अस्पताल:	५२०३०५
परिवार नियोजन संघ:	५२०७४५९८४५१०४५००
मनहरी रेडक्रस:	९८४५१०५८२१
छतिवन रेडक्रस:	९८६१६२२१९
भीमफेदी रेडक्रस:	६२०६९९
पालुङ रेडक्रस:	९८१४२०७४०१
बज्रबाराही रेडक्रस:	९८४५३०२९८४
सहकारी अस्पताल:	०४७-५२४८७, ९८४५९१९१४
बसामाडी एम्बुलेन्स:	९८४५२९७५७९
बारुण यन्त्र:	१०१
बाल हेल्पलाइन नेपाल:	१०९८
माइती नेपाल:	५२१०५०
अपाङ्ग बाल अस्पताल	९८४५२९६४४५

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक साझाकुरा

भोलिको पात्रो

भोलि वि.सं. २०७९ जेठ ४ गते बुधबार १८ अप्रिल २०२२ ।

आजको राशिफल

मेष	: घरेलु काममा रुचि	तुला	: अध्ययनमा प्रगति हुने
वृष	: जोस एवम् जांगर बढ्ने	वृश्चिक	: रोग एवम् चिन्ता बढ्ने
मिथुन	: प्रयासहरु फलदायी हुने	धनु	: व्यवसायबाट लाभ पाइने
कर्कट	: मान मर्यादामा वृद्धि	मकर	: जिम्मेवारी पूरा गर्न सकिने
सिंह	: लेनदेनको विवाद बढ्ने	कुम्भ	: गलत विचार बढ्ने
कन्या	: स्वास्थ्यमा सुधार हुने	मीन	: काममा अबरोध आउने

बुद्धलाई हेर्ने गलत हेराइ

✍ बसन्त महर्जन



प्रत्येक वर्ष वैशाख पूर्णिमाका अवसरमा राष्ट्र प्रमुखले शुभकामना व्यक्त दिने चलन नेपालमा सात दशक पुरानो हो । राष्ट्र प्रमुख तथा अन्यले दिएका ती सुरु देखिका मन्तव्यलाई सर्सर्ती हेर्दा एउटाभन्दा अर्को कुनै फरक पाइँदैन । ती मन्तव्यबाट बुद्ध र बौद्ध शिक्षाका सन्दर्भमा नेपालले विश्वमा नै नेतृत्व र संरक्षकत्व प्रदान गर्दै आइरहेको प्रतीत हुन्छ । तर वास्तविकता ठीक उल्टो हुँदै आइरहेको हेक्का छैन । यस प्रसङ्गमा 'बिरालो बाँधेर सराद्ध' भन्ने कुरा सम्झना हुन्छ ।

नेपालले अंगालेको नीति तथा दर्शनले बुद्धको शिक्षासँग तादात्म्य राख्दैन । तर द्वन्द्व र अशान्तिले आक्रान्त वर्तमान विश्वका लागि बुद्धको शिक्षा सान्दर्भिक रहेको कुरा उल्लेख गर्न पनि नेपालका राष्ट्रप्रमुख तथा नीतिनिर्माताहरू कहिल्यै छुटाउँदैनन् । बुद्धको शिक्षालाई नेपालले अनुशरण गर्दै अगाडि बढेको र विश्वले नेपाललाई पछ्याउनु पर्नेजस्तो आह्वान गरिरहेको आसय ती मन्तव्यहरूमा पाइन्छन् । तर यस्ता मन्तव्यलाई विश्व बौद्ध जगतले कुनै स्थान नदिएकोबाट नेपालको हैसियत बुझ्नुपर्ने मात्रै नभएर आत्मालोचना गर्न ढिलो भइसकेको अवस्था छ ।

विश्व इतिहासमा अत्यन्तै प्रशंसित व्यक्तिहरूमा एक गौतम बुद्ध पनि हुन् । आध्यात्मिक सन्दर्भका साथै अन्य कुराहरू पनि आधुनिक विज्ञानसँग निजिकको सम्बन्ध रहनु नै यसको प्रमुख विशेषता हो । आधुनिक मनोविज्ञानभन्दा बौद्ध दर्शनमा वर्णित मनको विश्लेषण अत्यन्तै 'एडभान्स' रहेको र यस धर्म दर्शनलाई आधुनिक विज्ञानले सम्पूर्ण रूपमा अध्ययन गर्न बाँकी रहेको मन्तव्य कुनै लहडवाजी वा आत्मरतीमा बोलेका शब्दहरू होइनन् । यस कुराको दृष्टान्त बौद्ध समाजमा प्रचलित ध्यान अभ्यासको विज्ञानको ल्याबोरेटरीमा परीक्षण हुन थाल्नु हो । र, प्राप्त नतिजाबाट उत्साहित भई थप अध्ययन अनुसन्धान भइरहनु हो ।

भौतिकवादीहरू अध्यात्मवादको आलोचना गर्ने क्रममा यसले मान्छेको कर्मलाई भन्दा भाग्यलाई बढी प्रसय दिएको तथा सबै कुरा दैवी शक्तिमा आधारित बनाएर मानवलाई अकर्मण्य बनाएको आक्षेप लगाउँछन् । पूर्वजन्म र पुनर्जन्मको मान्यता पनि भौतिकवादीहरूलाई मान्य छैन । आत्मा र परमात्मा तथा स्वर्ग र नर्कको कुरालाई पनि उनीहरूलाई मान्य छैन । बौद्ध-धर्म दर्शनमा आत्मा र परमात्मा चिन्तन नभएको, ईश्वरको अस्तित्वलाई नमान्ने तथा अन्य केही कुराको आधारमा भौतिकवादीहरू बुद्ध र बौद्ध-धर्म दर्शनसँग आफूहरू नजिक रहेको ठान्दछन् वा यसको प्रशंसा गर्दछन् । तर पूर्वजन्म र पुनर्जन्म बौद्ध धर्म-दर्शनका लागि महत्वपूर्ण पातो हुन्छ ।

बौद्ध धर्मदर्शनले स्वर्ग र नर्कको मात्रै कुरा गर्दैन, यसभन्दा बढी अनेक लोकहरूको कुरा यसमा आउँछ । यस अवस्थामा भौतिकवादीहरू अलमलमा पर्नु वा विचलित हुनु स्वभाविक हो । मान्छे आफूले गरेका राम्रा-नराम्रा सबै कामको फल व्यक्ति स्वयंले भोग्ने र यसमा अरु कुनै पनि सत्ताको केही भूमिका नरहेको मान्यता बौद्ध धर्म-दर्शनको हो । पूर्वजन्मको फल भोग्ने मान्यता राख्दा राख्दै त्यसलाई कसरी उचित तरिकाले सम्पादन गर्ने तथा वर्तमान र भविष्य कसरी सुधार गर्ने भन्ने कुरामा बौद्ध शिक्षा केन्द्रीत छ ।

आफ्नो मालिक आफै हो, आफ्नो मालिक अरु कसरी हुन सक्छ ? भन्ने बौद्ध प्रश्न वा दृष्टिकोणले यहाँ त्यस्तो कुनै परमसत्ता वा ईश्वर छैन, जसको इच्छाअनुसार हामी प्राणी चल्नु पर्दछ भन्ने सन्देश दिन्छ । संसारमा कुनै परमसत्ता नभएको र आ्नो मालिक आफै भएको उद्घोषणले बुद्धलाई क्रान्तिकारी व्यक्तित्वका रूपमा चिनायो । विभिन्न छ लोक भएको र प्राणी मुक्त नभएसम्म यी लोक र विभिन्न ३१ भुवनमा घुमिरहने मान्यता बौद्ध दर्शनको छ । यसमा प्रेत र देवताको पनि मान्यता छ तर ती मानिसले गर्ने पुण्य कार्यको अस्थायी नतिजा मात्रै हुनु ।

पुण्य सञ्चयको अवसर मनुष्य योनिमा बढी हुने र बुद्धत्व प्राप्ती पनि मनुष्य योनिमा मात्रै सम्भव हुने भनी यसले मनुष्य योनिलाई बढी महत्व दिएको पाइन्छ । माथि चर्चा गरिएका बौद्ध दर्शनका यी आधारभूत कुरासँग भौतिकवादले स्वभावत: अस्वीकार गर्दछ । यीबाहेक भौतिकवादले बौद्ध धर्म-दर्शनसँग विमति राख्ने अन्य कुरा पनि छन् । तसर्थ भौतिकवादी जीवन दर्शन अपनाउनेहरूले बुद्धलाई जतिसुकै क्रान्तिकारी ठाने पनि र आफूजस्तै भौतिकवादी माने पनि सारमा फरक छ ।

भौतिकवाद बुद्धको समयमा 'लोकायत'का रूपमा चिनिन्थ्यो र लोकायतलाई बुद्धले थुप्रै ठाउँमा स्पष्ट शब्दमा मिथ्यादृष्टि भनेर टिप्पणी गरेको पाइन्छ । दर्शनको क्षेत्रमा गौतम बुद्धको मौलिक देनका रूपमा कार्यकारणको सिद्धान्त हो । यो सिद्धान्तलाई दार्शनिक धरातलमा 'प्रतित्यसमुत्पाद' भनेर जानिन्छ । दार्शनिक धरातलमा प्रतित्यसमुत्पाद गौतम बुद्धको मौलिक देन हो । उत्पत्ति र विनाश एकअर्कासँग सम्बन्धित हुने र यसमा कुनै परमसत्ताको भूमिका नहुने हुनाले स्वयंको कर्मलाई महत्व दिइन्छ । आफूले जस्तो कर्म गर्यो, त्यस्तै फलको भोग यो जीवन र अर्को जीवनमा पनि भोग्नुपर्ने हुँदा राम्रो काम गर्न प्रेरित गर्दछ ।

बुद्धले व्याख्या गर्न चार वटा सत्यमा एउटा दुःख हो । दुःखलाई सत्य मान्नुका साथै वैराग्य भई घरगृहस्थ त्याग गरेको सन्दर्भमा यस धर्म दर्शनलाई निराशावादी भनेर व्याख्या गर्ने गरेको पनि पाइन्छ । दुःख छ, दुःखको कारण पनि छ, दुःखको अन्त्य गर्न सकिन्छ र अष्टाङ्गिक मार्गको अवलम्बनले दुःखको अन्त्य हुने शिक्षा (चतुआर्यसत्य) कम्तीको आशावादी दृष्टिकोण होइन । यी उपाय अवलम्बनबाट वर्तमान जीवनका साथै सुदुर भवियको जीवनसमेत राम्रो हुने कुरामा द्विविधा छैन ।

आध्यात्मिक सन्दर्भबाहेक भौतिक जगतमा पनि बुद्धका शिक्षाहरू सान्दर्भिक नै छन् । सामाजिक र नैतिक दर्शनमा आधारित बुद्धको शिक्षाअनुसार आर्थिक भ्रष्टाचारबाट गरिने जीवनयापनलाई गलत मान्ने हुन्छ । आर्थिक भ्रष्टाचारको सूचांकमा नेपालको स्थान नकारात्मक पंक्तिमा नै छ । यसमा सर्वसाधारणभन्दा सबै तहका राष्ट्रसेवक तथा राजनीतिक नेताहरूको संलग्नता देखिनु भनेको बुद्धको शिक्षा अनुसारको 'सम्यक आजीवन' को ठाडै उल्लंघन हो । 'सम्यक आजीवन' भनेको नाजायज रूपमा कमाइएको धनबाट जीवन यापन नगर्नु हो । यसरी नै ठगी, घुसघोरी, हातहतियारको कारोबार, तस्करी, जीवको कारोवार पनि सम्यक आजीविका अन्तर्गत पर्दैन ।

एउटा आदर्श जीवनका लागि 'चतुब्रह्मविहार' अपरिहार्य मानिन्छ । यस अन्तर्गत मैत्री (सबैलाई आफ्नै ठानी समभाव राख्नु), करुणा-अरुको दुःखलाई आफ्नै दुःख ठानी समस्या समाधानमा लाग्नु), मुदिता (अरुको खुसीमा आफू पनि खुसी हुनु) र उपेक्षा (द्वेष नराख्नु) भावनालाई जीवनशैलीको मेन्मिन अंकको रूपमा विकास गर्नु हो । गौतम बुद्धलाई आध्यात्मिकका साथै सामाजिक अभियन्ताका रूपमा पनि प्रशंसा गर्नुको पछाडि समाजमा व्याप्त जातीय विभेदविरुद्ध व्यावहारिक रूपमा परिवर्तन ल्याउनु हो । जातीय विभेदमा आधारित छुवाछुतको व्यवस्थाबाट भारत तथा नेपालको ठुलै समाज आक्रान्त रहेको वर्तमान अवस्थामा जातीय छुवाछुतको अनौचित्यता अहिले पनि सान्दर्भिक नै मान्नु पर्दछ । बुद्ध शिक्षाको अनुशीलन व्यक्ति विशेषले तत्काले गर्न सकिने कुरा हो । आर्थिक भ्रष्टाचार होस् वा जातीय छुवाछुत, यसमा व्यक्ति विशेष मात्रै संलग्न नभइदिने हो भने पनि धेरै समस्याको समाधान स्वत: हुन्छ ।

तर यही शिक्षालाई संस्कारका रूपमा स्थापित गर्न नेपाल चुक्दै आइरहेको पाइन्छ । विद्यालय स्तरमा पाठ्यपुस्तकहरूमा बुद्धका शिक्षाहरू समावेश गर्ने नाममा केही पहल त भएको पाइन्छ । तर ती पाठ्यसामग्रीको अन्तर वस्तु विश्लेषण गर्दा आपत्तिजनक तथ्य फेला पर्नु र बेग्लै दुनोतिर सोझिनुले बुद्धप्रति नेपालको बुझाइ नै गलत रहेको देखाउँछ ।

गौतम बुद्धको जन्म लुम्बिनी नामको बगैंचामा भएको एउटा ऐतिहासिक तथ्य हो भने वर्तमानमा त्यो लुम्बिनी नेपाल राज्यको सरहदभित्र पर्नु अर्को तथ्य हो । यी तथ्यहरू गौतम बुद्धसँग सम्बन्धित भएर पनि बुद्धको शिक्षासँग खासै सम्बन्ध राख्दैन । तसर्थ, 'बुद्ध वाज बर्न इन नेपाल' भन्ने मन्त्र पाठ गर्दैमा गौतम बुद्धलाई बुझेको मानिन्न । किनभने, स्वयं बुद्धको शब्दमा जसले धर्म बुझ्छ, उसले मात्रै बुद्धलाई बुझ्छ ।

बुद्धको समयमा नेपालको स्वरूप वर्तमानसँग मिल्दैनथ्यो । नेपाल नामको छुट्टै देश भएपनि त्यसको सीमाले बुद्धसँग सम्बन्धित वर्तमान लुम्बिनी वा कपिलवस्तुलाई समेटिसकेको थिएन । त्यो बेला शाक्य गणराज्य थियो, तर नेपालको छिमेकी राज्यसम्म पनि थिएन । इतिहासका अनेकौं उतार चढावपछि नेपाल राज्यको सीमा विस्तारका क्रममा फलाना भूमि बुद्धसँग सम्बन्धित हो, समेटुनुपर्छ भनेर कमाएको भूमि पनि होइन । बुद्धसँग सम्बन्धित भूमि नेपालमा पर्दो रहेछ भन्ने कुरा निकैपछि मात्रै थाहा भएको हो, त्यो पनि नेपालको आफ्नै खोजी पनि थिएन । लुम्बिनीसम्बन्धि ज्ञान नेपालले बाहिरबाट पाएको थियो र अहिले पनि यसको अर्थ र महत्व बुझ्नेमा नेपालीभन्दा विदेशी नै बढी छन् ।

बुद्धसँग सम्बन्धित ठाउँहरूको महत्वमा आँच आउने गतिविधि बरोबर नेपालमा हुने गर्दछ र त्यसो गर्नु हुँदैन भनेर सम्बन्धित विज्ञहरूले सचेत गराएपछि नेपाल हच्किने गर्दछ । बुद्ध र बौद्ध धर्मसँग सम्बन्धित कुरामा नेपालको गतिविधिमा विश्व बौद्ध जगतले शंकाको घेरामा राखेर हेर्दछ । यो अविश्वासको खास कारण बुद्ध र बौद्ध धर्म-दर्शनलाई नेपालले लामो समयदेखि उपेक्षा गर्दै आउनु हो । जनगणनाअनुसार नै पनि यहाँ बौद्ध धर्मावलम्बी अल्पमतमा छन् ।

बुद्धसँग सम्बन्धित लुम्बिनी, कपिलवस्तु लगायतका ठाउँहरू नेपालमा पनि पर्नु नेपालको लागि खुसीको कुरा हो र यसको संरक्षण तथा विकास गर्नु दायित्व पनि नेपालकै हो । विश्वभरका बौद्धहरूको चासोको विषय भएका कारण यसको पर्यटकीय दृष्टिले महत्व छ । तर यी कुरालाई पर्यटन वा आर्थिक दृष्टिले मात्रै महत्व बुझ्नु भनेको बुद्धलाई बुझ्दै नबुझ्नु हो । बुद्धलाई बुझ्नु भनेको धर्मलाई बुझ्नु हो, धर्मको अपव्याख्या नगर्नु हो । नेपालले विश्वलाई बुद्ध र बौद्ध धर्म सिकाउनेभन्दा पहिला आफैले सिक्नु नितान्त जरुरी छ । -साभार: रातोपाटी

रोजगारीका लागि कृषिको महत्व

✍सुदर्शन अधिकारी

हाम्रो आर्थिक विकासको आधार कृषि भएकाले यसको विकासबिना देशको समग्र विकासको कल्पना गर्न सकिँदैन । कृषिप्रधान देशमा यस क्षेत्रको विकासबिना अन्य क्षेत्रको विकास असम्भव छ । तर, बर्सेनि कृषिलाई आफ्नो पेसा बनाउनेको संख्या भने घट्दो छ ।

वि.सं. २०६८ को जनगणनाअनुसार नेपालमा कृषिमा संलग्न जनसंख्याको प्रतिशत ६६ मात्रै रहेको छ । यो प्रतिशत विगतको भन्दा निकै कम देखिन्छ । कृषिको विकासका लागि कृषिजन्य उद्योगहरूको विकास जरुरी हुन्छ । कृषिबाट उत्पादित वस्तुहरू कृषिजन्य उद्योगहरूमा खपत भई उचित मूल्य प्राप्त भएको खण्डमा देशमा उपलब्ध स्रोत र साधनको उचित परिचालन हुने गर्छ र कृषिक्षेत्रमा लुकेर बसेको बेरोजगारी क्रमश: घटाउन सकिन्छ । हामीले कृषिसँग सम्बन्धित उद्योग सञ्चालन गरी कृषिबाट प्राप्त हुने कच्चा पदार्थ खपत गरेर विदेशमा निकासी गर्न सकेमा विदेशी मुद्रा आर्जन गर्न सकिन्छ भने हाम्रै कृषिक्षेत्रलाई टेवा पुग्न जान्छ ।

कृषिमा आधारित उद्योग तथा कारखानाहरू स्थापना गरी रोजगारी सिर्जना पनि गर्न सकिने, साथै राष्ट्रिय आम्दानीको समेत विकास अनिवार्य हुन्छ । कृषिको विकासले नै चिनी, जुट, चिया, कफी, तेल, चामल, मैदालगायतका उद्योगहरू सञ्चालन गर्न सकिन्छ । यससँग सम्बन्धित उद्योगहरूको विकास किसानबाट मात्र सम्भव छ, तर उसको आफ्नै जमिन छैन र जसले खेती नै गर्दैन ऊसँग प्रशस्तै जमिन छ । जमिनको असमान वितरणले गर्दा कृषिमा समस्या पनि सिर्जिएको पाइन्छ । वास्तविक किसानको हातमा जमिन हुने हो भने उत्पादनमा बढाउन निकै सहज हुन जान्छ । हाम्रो पछिल्लो तथ्यांकअनुसार राष्ट्रिय आयमा झन्डै ५ प्रतिशत योगदान पुऱ्याउने कृषिक्षेत्र अझै आकर्षणको क्षेत्र बन्न सकेको छैन । पर्याप्त मात्रामा उब्जनी गर्नका लागि उन्नत जातका बीउ, सिँचाइ, मलखाद, प्राविधिक ज्ञानजस्ता अत्यावश्यकीय वस्तुको सहज रूपमा उपलब्धता हुनुपर्छ । माग्नअनुरूपका बीउबिजन, मलखाद, उपकरण, बजार सुविधा, भण्डारण सुविधा, यातायातको सुविधा, ग्रामीण ऋणग्रस्तता, दक्ष प्राविधिज्ञको कमीजस्ता पुराने समस्याले गर्दा कृषिमा उत्पादन बढाउन नसकिएको स्पष्टै देखिन्छ । कृषि पेसालाई मर्यादित र व्यवस्थित बनाउनका लागि माथि उल्लेख गरिएका समस्याहरू निराकरण गर्नु जरुरी हुन्छ । सर्वप्रथम कृषकलाई नवीन प्रविधि अपनाउन उन्नत जातको बीउबिजनको उपयोग, सिँचाइको सहजताजस्ता कार्यमा राज्यले अधिकतम सहयोग गर्नुपर्छ । साथै उनीहरूलाई पशुपालनसम्बन्धी जानकारी दिँदै तालिमको व्यवस्था गर्नुपर्छ ।

उत्पादित कृषिका सबै वस्तुले उचित मूल्य प्राप्त गर्नका लागि व्यवस्थित रूपले बजार सुविधा उपलब्ध गराउनुपर्छ । कृषिकार्यमा पूर्ण रूपले रोजगारी प्राप्त नभएकालाई साना उद्योगमार्फत आफ्नै क्षेत्रमा रोजगारी सिर्जना गराउनेतर्फ ध्यान पुऱ्याउनुपर्छ । यस्तो कार्यबाट गाउँघरमा नै थप आयआर्जनको अवसर पाउँछन् भने त्यसबाट श्रमशक्तिको पलायन हुनबाट पनि बचाउँछ । आज कोभिडको महामारीमा त यस क्षेत्रको विकासमा थप जोड दिनुपर्छ । स्थानीय स्तरमा नै उद्योग स्थापना गर्न सक्दा बेरोजगारी युवा जनशक्तिलाई रोजगार बनाउन सकिन्छ भने अनावश्यक रूपले कृषिक्षेत्रमा रहेको भार कम भई थप आर्थिक विकासमा सहयोग पुग्छ । यसले कृषिक्षेत्रमा बचत र अन्य क्षेत्रमा लगानी वृद्धि गर्न ठूलो मद्दत पुऱ्याउँछ । पहिलो सवाल त बेरोजगारी समस्या जटिल बन्दै गएको छ, जसलाई कम गर्न कृषिक्षेत्रलाई आकर्षणको रूपमा विकसित गर्नुपर्ने खाँचो छ । कृषिक्षेत्रअन्तर्गतकै फलफुल, तरकारी, माछामासुजस्ता उपभोग्य वस्तुमा त झनै उत्पादकचाहिँ नगन्य मूल्यमा उपज बिक्री गर्न बाध्य हुन्छ बिचौलियाको बिगबिगीका कारण । जसले गर्दा उपभोक्तासमेत बढी मूल्य तिर्न विवश बनाइन्छन् ।

अन्नबाली तथा फलफूल, तरकारी, दूध र माछाजस्ता महत्वपूर्ण उपभोग्य वस्तुमा मिसावट, रासायनिक पदार्थको प्रयोग वा विषादीको जथाभावी प्रयोगले मानवको स्वास्थ्यमा प्रतिकूल असर पारिरहेको छ । सकेसम्म बोटमा नै छिप्पिएर मात्रै टिपेर पाक्ने केरा, भुइँकटर, आँप, लिची, सुन्तला, स्याउलगायतका फलफुललाई आफ्नुअनुकूल समयमा पाक्ने औषधि राख्ने गरिन्छ, जसले मानवको स्वास्थ्यमा प्रतिकूल असर पारिरहेकोमा सम्बन्धित निकाय बेखबर हुँदा हरदम समस्या जटिल बन्न पुगेको छ । २०७६ असारदेखि राजधानीको प्रमुख तरकारी तथा फलफुल बिक्री केन्द्रमा विषादी मापन जाँच कार्य थालनी भएका थियो । त्यसलाई सकारात्मक रूपमा लिइए पनि जसलाई नियमित र प्रभावकारी बनाउन आज कोभिडको कारण देखाई पर सार्दै गएको अवस्था छ ।

समग्रमा हाम्रो सन्दर्भलाई मनन गर्दा ठूलो जनशक्ति कृषिमा संलग्न भए पनि कामका लागि बिदेसिने युवाजनलाई पनि यस क्षेत्रमा आकर्षित गर्दै र अझै व्यवस्थित बनाएर दैनिक बिदेसिने युवालाई रोक्ने कार्य गरी देशको अर्थतन्त्रलाई मजबुत बनाउनुपर्छ । जसका लागि सहजै सरकारले कृषिऋण उपलब्ध गराउने, उत्पादित वस्तु खरिद गर्ने, विश्वसनीय वातावरण निर्माण गर्ने, बिनाधितो कृषिमा लगानी गरी व्यावसायिक बनाउने वातावरण सिर्जना गराउनुपर्छ ।

आज विश्व नै कोरोनाबाट त्रसित भएको अवस्थामा यसले थप बेरोजगारी बढेर गएको छ । कृषिले नै धेरै मानिसलाई रोजगारी दिन सक्ने भएकाले यस क्षेत्रमा व्यवस्थित र थप नवीन कार्यक्रम ल्याएर युवालाई आकर्षित गर्नुपर्ने देखिन्छ । हामीले यसलाई व्यावसायिक र आधुनिक बनाउन सकेका पनि छौंनौ । सरकारले यस वर्षको बजेटमा भूमि बैंकको कुरा उठाइएको छ, जुन सवाल उत्तम भए पनि व्यवहारमा उतार्न भने कठिन देखिन्छ । जमिन हुने तर खेती नगर्नेबाट भाडामा लिएर व्यावसायिक खेती गर्ने हो भने दुवैलाई लाभ हुने थियो । वर्तमान सरकार जनपक्षीय कामभन्दा पनि आपसी कलह र सत्तामोहमा लागिपरेकाले थप अपेक्षा राख्नु उपयुक्त भने नहुने देखिन्छ । रोजगारीको घुम भएको झैं खेती हो । आज खेती गर्ने किसानलाई एकखाले पीडा दिइएको छ ।

लगानी गरी बल्लबल्ल उत्पादन भएका उपभोग्य वस्तु बजारमा लगिन्छ, त्यहाँको बिचौलियाको बिगबिगीले थप मारमा परेर चटक्कै सो पेसा छाड्नेर हिडौं हुने भनेको कम्ता मन कुढिने विषय होइन । आज पनि किसानको हितमा खोइ के भएको छ त ? न बजार न त अन्य सुविधा नै केही दिइएको देखिन्छ । बजार जहिले नि अस्थिर हुने अनि उपभोक्ताले बढी मूल्य तिरिरहने जुन गलत परिपाटीको विकास भएर गएको छ यसले थप समस्या खडा गरेको छ । चाडपर्व सुनौलो अवसर बनेको देखिन्छ, ठगीका लागि बजार अनि उपभोक्तामा सामान्य चलाखी नहुँदा अरू समस्या आउनेछ । हतारमा किनमेल गरेर घर जाने सबैले सचेतता अपनाउने गर्दैनन् ।

सामान्य जानकारी नराख्ने हामी त्यसै कारणले बेलाबेलामा ठगिन्छौं । तनावमा अनि थोरै नगदले धेरै सामान खरिद गर्नुपर्ने जुन बाध्यता विपन्न वर्गमा रहेको छ, आजको अवसरवादी बजारमा व्यापारिक धर्म पनि देखिँदैन । पर्यटन हाम्रो अर्को महत्वको क्षेत्र भएकाले यसको विकासमा सरकार गम्भीर हुनुपर्ने देखिन्छ । स्वदेशी वा विदेशी मुद्राको आम्दानीका लागि यो क्षेत्र उच्च सम्भावना बोकेको क्षेत्र हो । कोभिड-१९ को कारणले थला परेको समग्र अर्थतन्त्रलाई कसरी त्राण दिने, त्यो ठूलो चुनौतीको रूपमा देखिएको छ । हिमाल, पहाड, तराई मिलेर बनेको हाम्रो भौगोलिक बनोट नै असाध्यै मनमोहक छ । चर्चित गीतमा माधव प्रसाद घिमिरेले लेखेजस्तै नेपालै नरहे भनेका त्यसै होइन । देश रहे न सबै रहने हो । -साभार: कारोबार

नेपाल पहिलो खेलमा युगान्डासँग पराजित

काठमाडौं/घरेलु टोली नेपाल पहिलो महिला टि २० आई खेलमा युगान्डासँग १२ रनले पराजित भएको छ । योसँगै भ्रमण टोली युगान्डाले पाँच महिला टि२० आई खेलको सिरिजमा १-० को अग्रता लिएको छ ।

जितको लागि १ सय ३ रनको विजयी लक्ष्य पछ्याएको नेपालले निर्धारित २० ओभरमा ९ विकेट गुमाउँदै ९० रन बनायो । नेपाललाई जितको लागि अन्तिम १२ बलमा २६ रन चाहिएको थियो । १९ औं ओभरको पहिलो बलमै क्रिजमा जमेर बसेकी उपकप्तान इन्दु रन आउट भएपछि नेपालको जितको सम्भावना सकिएको थियो ।

इन्दु २८ बलमा १ चौकासहित सर्वाधिक १६ रनमा आउट भइन् । नेपालका कुनैपनि ब्याटरले राम्रो प्रदर्शन गर्न सकेनन् । प्रमुख तीन ब्याटर रन आउट भएका थिए । पहिलो विकेटका लागि ओपनर ज्योति पाण्डे र बिन्दु रावलले ४.२ ओभरमा २० रनको साझेदारी गरेका थिए ।

रावल २३ बलमा २ चौकासहित १२ रन र ज्योति ७ बलमा ६ रनमा आउट भए । दुबै ओपनर रन आउट हुन पुगेका थिए । कप्तान रुबिना क्षेत्री बेलबासेलाई ११ औं ओभरको चौथो बलमा सारा अकिटेडले ९ रनमा बोल्ड गरिन् । अर्को ओभरमा अप्सरी बेगम जेनेट म्बाबाजीले १ रनमा एलबीडब्लू आउट गर्दा नेपाल ४४-४ को अवस्थामा पुगेको थियो ।

१३ औं ओभरको दोस्रो बलमा अकिटेडले हिटर कविता जोशीलाई ४ रनमा क्याच गराएपछि नेपालको जित कठिन बनेको थियो । १७ औं ओभरको पहिलो बलमा रोमा थापा ५ रनमा एलबीडब्लू आउट भएपछि नेपाल ६१-६ को दयनीय अवस्थामा पुगेको थियो ।

तल्लोक्रममा डली भट्ट ९ बलमा २ चौकासहित १३ रनमा बोल्ड भइन् । युगान्डाकी सारा अकिटेडले ४ ओभरमा १३ रन खर्चेर २ विकेट लिइन् । कोन्सी अवेकोले ४ ओभरमा १५ रन खर्चेर २ विकेट लिइन् । रिता मुसामाली र जेनेत म्बाबाजीले १-१ विकेट लिए ।

त्यसअघि टियु क्रिकेट मैदानमा टस हारेर ब्याटिङको निम्तो पाएको युगान्डाले निर्धारित २० ओभरमा ५ विकेट गुमाउँदै १ सय २ रन बनाएको थियो । युगान्डाकी जेनेत म्बाबाजीले ३८ बलमा ३ चौकासहित सर्वाधिक २९ रन बनाइन् । नेपाललाई तीव्र गतिकी बलर कविता कुँवरले पहिलो ओभरमै सफलता दिलाएकी थिइन् ।

कविताको तेस्रो बलमा ओपनर लिओना बबेरीलाई शून्यमा बोल्ड आउट हुन पुगिन् । दोस्रो विकेटका लागि जेनेत म्बाबाजाई र केंभिन एविनोले ४५ रनको साझेदारी गरेका थिए । १२ औं ओभरको पहिलो बलमा इन्दु बर्माले जेनेतलाई २९ रनमा एलबीडब्लू आउट गरिन् । ३८ बल खेलेकी उनले ३ चौका प्रहार गरिन् । अर्को ओभरको पहिलो बलमा रुबिनाले एविनोलाई १५ रनमा इन्दु बर्माबाट क्याच गराइन् । उनले ३० बल खेलेकी थिइन् ।

रिता मुसामाली १७ बलमा १३ रनमा अविजित रहिन् । रिता न्यांगन्डोले १३ बलमा १ चौका र १ छक्कासहित १८ रनमा आउट भइन् । फ्रैंकलिन नज्जुम्बाले १८ बलमा १२ रन बनाइन् ।

नेपालकी कविता कुँवरले ४ ओभरमा १५ रन खर्चेर २ विकेट लिइन् । रुबिना क्षेत्रीले ४ ओभरमा ३० रन खर्चेर १ विकेट लिइन् । कविता जोशी र इन्दु बर्माले १-१ विकेट लिइन् । नेपालले दोस्रो महिला टि२० आई खेल मंगलबार खेल्नेछ । -साभार: हाम्रो खेलकुद

"लाइफ इन एलए" गीतमा अकेशा र ब्यासको प्रेम वियोग

काठमाडौं/यही जेठ ६ गतेबाट प्रदर्शनमा आउने तयारीमा रहेको फिल्म 'लाइफ इन एलए'को नयाँ गीत सार्वजनिक भएको छ ।

सोमवार यूट्युबमा सार्वजनिक गरिएको 'बसन्' बोलको वियोगान्त गीतमा आर्यन पाठकको शब्द, संगीत र स्वर छ । गीतको भिडियोमा फिल्मका मुख्य अभिनेता ब्यास बिस्सु र अभिनेत्री अकेशा विष्ट फिचर्ड छन् । गीतमा उनीहरुको प्रेम वियोगलाई देखाइएको छ ।

विभिन्न शिलशिलामा अमेरिका पुग्ने नेपालीको कथामा निर्माण भएको फिल्मलाई सूर्य एन श्रेष्ठले निर्देशन गरेका हुन् ।

शिल्पा मास्के, गौरव पहारी, बुद्धि तामाङ, प्रकाश घिमिरे, लोकेन्द्र लेखक, अमेरिकामा बसोबास गर्ने जारेड बिलप्स, साम भुजेल, जयन्द्र चिलुवालनगायतको पनि अभिनय रहेको फिल्मको अमेरिकाको एलएमा ७० प्रतिशत र नेपालमा ३० प्रतिशत छायांकन भएको हो । फिल्मलाई अभिनेता ब्यास आफैंले निर्माण गरेका हुन् । यो उनको पहिलो निर्माण अनुभव हो ।

दीपक वली एसोसियट निर्देशक रहेको फिल्मको कार्यकारी निर्मातामा संसार अन्जान सुवेदी र निर्मातामा राजेन्द्र ठकुराथी छन् भने भुपेन्द्र अधिकारी र उज्ज्वल ढकालले सम्पादन गरेका हुन् ।

निर्माता ब्यासका अनुसार, फिल्मले अमेरिका प्रदर्शनबाट ८० प्रतिशत लगानी उठाइसकेको छ ।

-साभार: फिल्मखबर

भुल सुधार

यस *साझाकुरा राष्ट्रिय* दैनिकमा प्रकाशित मिति २०७९ बैशाख ३१, जेठ १ र २ गतेको अंक ७५, ७६ र ७७ हुनुपर्नेमा अन्यथा भएकोले भुल सुधार गरिइएको छ ।

के तपाईं फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सितैमा लैजानुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

भारतबाट बढेर आयो पेट्रोलको भाउ, फेरि मूल्य बढ्ने

काठमाडौं/नेपाल आयल निगमले भारतबाट खरिद गर्ने पेट्रोलियम पदार्थको मुल्य फेरि बढेर आएको छ ।

यससँगै निगमले भारतीय निगमसँग किन्ने पेट्रोलको लागत मूल्य प्रतिलिटर १९२.९४ रुपैयाँ पुगेको छ । यसअघि निगमले भारतबाट खरिद गर्ने पेट्रोलको लागत प्रतिलिटर १८४.३६ रुपैयाँमा थियो ।

निगमका प्रवक्ता विनितमणि उपाध्यायले जारी गरेको विज्ञप्तिमा भारतीय निगमले पठाएको मूल्यसूचीअनुसार नयाँ खरिद लागत पेट्रोलमा प्रतिलिटर २२ रुपैयाँ ९४ पैसा र डिजेलमा ३३ रुपैयाँ ३३ पैसा घाटा हुने देखिएको बताए ।

निगमले भारतबाट नै मूल्य बढेर आएकाले फेरि मूल्य बढ्ने संकेत गरेको छ । यद्यपि हालसम्म कुनै निर्णय भने भएको छ । दुई दिनअघि मात्रै निगमले पेट्रोलियम पदार्थको मूल्य प्रतिलिटर १० रुपैयाँ वृद्धि गरेको थियो । युकेन युद्ध जारी रहेकै बीच पछिल्लो १५ दिनमा अन्तर्राष्ट्रिय बजारमा प्रशोधित पेट्रोल, डिजेल र हवाई इन्धनको मूल्य अझै बढेर गएको निगमको भनाइ छ । यो परिस्थितिमा खरिद मूल्य बढ्दा समग्रमा निगमलाई आगामी १५ दिनमा करीब ४ अर्ब ४९ करोड रुपैयाँ घाटा हुने देखिएको निगमको भनाइ छ ।

निगमका अनुसार इण्डियन आयल कर्पोरेशनलाई पेट्रोलियम पदार्थ खरिद बापतको रकम महिनामा दुईपटक भुक्तानी गर्नुपर्ने प्रावधान रहेको छ । जसअनुसार निगमले मे २०२२ को लागि पहिलो किस्ता भुक्तानी गर्दा १२ अर्ब ८० करोड भुक्तानी दिन नसकेको र सो रकम बक्यौता रहन गएको जनाएको छ । दोस्रो किस्ता वापत आगामी मे २३ मा थप करिब १८ अर्ब भुक्तानी गर्नुपर्ने भएको भन्दै निगमले जटिल परिस्थितिमा रकमको जोहो गरी आपूर्ति सहज गर्न ठूलो चुनौती रहेको बताएको छ ।

निगमले भनेको छ, 'पेट्रोलियम पदार्थको आपूर्ति व्यवस्था तथा बिक्री वितरण सहज बनाई राख्न निगमलाई नपुग रकम व्यवस्थापन गरी दिनुपर्ने वा सहुलियत ब्याजदरमा विभिन्न वितीय संस्थाहरूबाट ऋणको व्यवस्था मिलाई दिनुपर्ने अवस्था रहेको छ ।'

-साभार: रातोपाटी

कोभिड-१९ विरुद्धको बुस्टर डोज अबदेखि पूर्ण मात्रा खोप लगाएको ३ महिना पूरा भएपछि

पहिले पूर्ण मात्रा खोप लगाएको ६ महिना पूरा भएपछि मात्रा बुष्टर मात्रा खोप लगाउन मिल्ने भनिए पनि पछिल्ला अध्ययन र राष्ट्रिय खोप सल्लाहकार समितिको सिफारिसका आधारमा नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको निर्णयानुसार १८ वर्ष माथिका सबैले पूर्ण मात्रा खोप लगाएको **३ महिना पूरा भएपछि बुस्टर खोप** लगाउन मिल्ने भएकाले उपलब्धताका आधारमा कोभिड - १९ विरुद्धको बुष्टर मात्रा खोप लगाउनुहोला ।

कोभिड-१९ सङ्क्रमण भएमहरूले सङ्क्रमणमुक्त भएको एक महिनापछि कोभिड -१९ विरुद्धको खोप र बुस्टर मात्रा लिन मिल्छ।

बुस्टर मात्रा खोप लगाउन जाँदा पूर्ण मात्रा खोप लगाइको खोप कार्ड अनिवार्य लिएर जानुहोला ।

खोप कि पूरुक पाइन्छ | खोप सुरक्षित छ | खोपले जीवन रक्षा गर्छ

बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
हेटौंडा, मकवानपुर, नेपाल

हार्दिक बधाई तथा शुभकामना

स्थानीय तह निर्वाचन-२०७९ अन्तर्गत् हेटौंडा उपमहानगरपालिका वडा नम्बर २ मा जनताको अपार माया जित्दै गरिमामय वडा अध्यक्ष पदमा **श्रीविष्णु गोपाल महर्जन** निर्वाचित हुनुभएकोमा हार्दिक बधाई तथा शुभकामनासहित कार्यकाल सफलताको शुभकामना व्यक्त गर्दछौं ।

अशोक शाक्य	प्रदिपराज बज्राचार्य	महेन्द्र चित्रकार	उत्तम श्रेष्ठ
नरेन्द्र श्रेष्ठ	उत्तमराज बज्राचार्य	राजन सञ्जेल	जंगबहादुर बस्नेत
रूपकराज बज्राचार्य	गोपिलाल विश्वकर्मा	अनिल भट्टराई	

बहुप्राविधिक विश्वविद्यालय निर्माण कार्य गतिहिन

साझाकुरा संवाददाता

हेटौंडा, २ जेठ/बागमती प्रदेशको राजधानी हेटौंडा-६ गौरीटारमा विगत २२ वर्षदेखि निर्माण हुने भनिएको बहुप्राविधिक विश्वविद्यालयको तत्कालीन मुख्यमन्त्री डोरमणि पौडेलले शिलन्यास गरेको तीन वर्ष भयो ।

चालु आर्थिक वर्षको अन्त्यसम्मा निर्माण सम्पन्न गर्ने भनिए पनि हालसम्म भवन निर्माण कार्यले पूर्णता पाउन सकेको छैन । निर्माणाधीन विश्वविद्यालयको भवन निर्माणमा ढिलाइ हुँदा विद्यार्थीहरू समस्यामा परेका छन् । तोकिएको समयमा भवन निर्माण नहुँदा अध्ययनका लागि आएका विद्यार्थीहरू फर्कन थालेका छन् ।

दुई वर्षमा निर्माण सम्पन्न गरेर हस्तान्तरण गरिसक्नुपर्ने भएपनि कोरोनाको बहाना बनाउँदै काममा ढिलासुस्ती हुँदै आएको छ । २२ वर्ष अघिदेखि विद्यालय निर्माणको लागि योजना बनाए पनि काम सुरु हुन सकेको थिएन । तीन वर्षअघि तत्कालीन मुख्यमन्त्री पौडेलले निर्माणका लागि शिलन्यास गरेपनि यसको निर्माणले भने गति लिन सकेको छैन । विद्यालय भवन समयमा नै बन्ने भन्दै सरकारले तीन वर्ष अघिदेखि केही विषयमा पठन पाठनसमेत सुरु गरिसकेको छ । तर, समयमा भवन नबन्दा

विद्यार्थीको भर्ना दरमा कमी आएको विद्यालयका शिक्षक (प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् सीटीईभीटीका प्रशिक्षक) अमित ठाकुरले बताए । निर्माणाधीन विद्यालयमै पठनपठन हुने गरेको छ । संरचना निर्माणको काम भइरहेकाले मेसिनरी सामानको चर्को आवाजकै बीच पठनपठन गर्नुपर्ने अवस्था छ ।

तीन वर्षअघि सुरु भएको प्राविधिक विद्यालयको पठनपठनका लागि पहिलो वर्ष १८ जना विद्यार्थी भर्ना भएका थिए भने दोश्रो वर्ष ३७ जना विद्यार्थी भर्ना भएपनि ३ जनाले पढाइ छाडेका छन् । यसैबीच चालु वर्षमा जम्मा १८ जना विद्यार्थी भर्ना भएका छन् । विद्यार्थीहरू पढ्नको लागि भनेर आउने गरेको तर, पढ्ने ठाउँको वातारवण ठीक नभएको भन्दै फर्कनेको सङ्ख्या धेरै रहेको ठाकुरले बताए ।

अहिले विद्यालयमा रुकुम, गुल्मी, सप्तरी, सुर्खेत, सिरहालगायत जिल्लाका विद्यार्थीले अध्ययन गरिरहेका छन् । केही समयअघिसम्म अर्को विद्यालयको भवन भाडामा लिएर पठनपाठनहुँदै आएको भएपनि पछिल्लो समय निर्माणाधीन विद्यालयमा नै पठनपठन गराउनुपर्ने बाध्यता रहेको ठाकुरले जानकारी दिए ।

प्रत्येक वर्ष २ हजार ५ सय जना दक्ष जनशक्ति यस महाविद्यालयबाट उत्पादन गर्ने सरकारको लक्ष्य छ । भारत सरकारको ५८ करोड ४४ लाखको लागतमा निर्माण सुरु भएको विश्वविद्यालयको तीन वर्षसम्म करिब ६० प्रतिशतमात्र काम भएको हो ।

हेटौंडा ६ सल्लाघारीमा रहेको २६ विगाहा क्षेत्रफलमा विद्यालय बन्न लागेको हो । निर्माणको लागि चित्रेपानी सामुदायिक वनमा रहेको २ हजार ३ सय वटा रूखसमेत कटान गरिएको थियो । ४ फागुन २०६६ मा तत्कालीन राष्ट्रपति रामवरण यादवको भारत भ्रमणका क्रममा दुई देशबीच मित्रताको प्रतीकका रूपमा भारतीय लगानीमा हेटौंडामा बहुप्राविधिक महाविद्यालय स्थापना गर्ने सम्झौतामा हस्ताक्षर भएको थियो ।

महाविद्यालयमा सुविधा सम्पन्न भवनहरू, खेलमैदान, शैक्षिक कक्षाहरू, वर्कशपजस्ता कक्षहरूसहित आवासीय भवनहरूसमेत निर्माण भइरहेको प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् सीटीईभीटीका प्रशिक्षक ठाकुरले बताए ।

नेपालमा यस्ता विद्यालय बालाजु, बुटवल, नेपालगञ्ज, बिराटनगर र हेटौंडामा गरी जम्मा ५ वटामात्र रहेका छन् । हटौंडामा निर्माण भइरहेको यो विद्यालयलाई प्राविधिक शिक्षातर्फको महत्वपूर्ण योजनाको रुपमा लिएको प्रदेश सरकारले बताएको छ ।

विद्यालय बनिसकेपछि २२ देखि २४ वटा संकायको पढाइ हुने बताइएको छ । संरचना बनिसकेपछि नेपालका मात्र नभएर अन्य देशबाट समेत विद्यार्थीहरू यहाँ पढ्न आउने प्रदेश सरकारको दाबी छ । यद्यपि प्रदेश सरकारले निगरानी नराख्दा निर्माण कार्य ढिला भई आफूहरूलाई समस्या भएको विद्यार्थीहरूले बताएका छन् ।

थानाभञ्याङमा बुद्धको मुर्ति र पार्कको उद्घाटन

साझाकुरा संवाददाता

हेटौंडा, २ जेठ/हेटौंडा उपमहानगरपालिका-११ थानाभञ्याङ पाधिभरा मन्दिर जाने बाटोमा बुद्धको मूर्ति र पार्कको उद्घाटन गरिएको छ । बुद्धजयन्तीका अवसरमा सोमबार हेटौंडा उपमहानगरपालिकाका मेयर हरिबहादुर महतले उद्घाटन गरेका हुन् । बुद्धजयन्तीका अवसरमा उपमहानगरपलिकाकोसार्वजनिक जगामा बुद्धको मूर्ति स्थापना गरेर पार्क पनि निर्माण गर्न लागेको जनाइएको छ ।

बुद्धको मूर्ति र फाउण्डेसन निर्माण गर्ने काम हेटौंडा-११ का समाजसेवी सिद्धिलाल श्रेष्ठले गरेका छन् । यसैगरी, बुद्धपार्क निर्माण गर्नका लागि हेटौंडा उपमहानगरपालिकाले १५ लाख रुपियाँ सहयोग गरेको र त्यहीअनुसार काम गरिएको मेयर महत जानकारी दिए ।

उक्त क्षेत्रलाई अब पर्यटकीय क्षेत्रको रुपमा विकास गरिँदै लैजाने समेत उनको भनाइ छ । कार्यक्रममा हेटौंडा उपमहानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत शिवराज चौलागाई, हेटौंडा-९ का वडा अध्यक्ष सविन न्यौपाने, उपमहानगरपालिका प्रशासन शाखाका प्रमुख रामकृष्ण थापा, लेखा अधिकृत जेकप श्रेष्ठ, स्थानीय समाजसेवीहरुलगायतको आतिथ्यता थियो ।

४८ वडाको मतगणना सकिँदा २५ वडामा कांग्रेस विजयी

साझाकुरा संवाददाता

हेटौंडा, २ जेठ/मकवानपुरको ४८ वटा वडाहरुको अन्तिम मतपरिणाम सार्वजनिक भएको छ ।

समाचार तयार पार्दासम्म मकवानपुरको १०२ वडामध्ये ४८ वटा वडाहरुको अन्तिम मतपरिणाम सार्वजनिक भएको हो । मतगणना सम्पन्न भएका ४८ वडामा सबैभन्दा बढी वडामा नेपाली कांग्रेसले जित हासिल गरेको छ । कांग्रेसले २५ वडा अध्यक्ष जितेको छ भने माओवादी केन्द्रले ११ र एमालेले १२ वडा अध्यक्ष जितेको छ ।

मकवानपुरमा १०२ वडा छन् । नेपाली कांग्रेसबाट इन्द्रसरोवर गाउँपालिका-१ मा सुवास थापा, इन्द्रसरोवर गाउँपालिका-२ मा सुमन श्रेष्ठ, मकवानपुरगढी गाउँपालिका -१ मा आइतसिंह लो, मकवानपुरगढी गाउँपालिका-८ मा कुमार घिसिंड, भीमफेदी गाउँपालिका-१ मा सोम बहादुर स्याङ्तान, कैलाश-१ मा तेज बहादुर ब्लोन र कैलाश-२ मा राजेन्द्र तामाङ घिसिङ विजयी भएका छन् ।

त्यस्तै नेरी मनहरी गाउँपालिका-१ मा शिवप्रसाद खनाल, राक्सिराङ गाउँपालिका-२ मा बुद्धराम मुक्तान, बकैया गाउँपालिका-११ मा गोपालबहादुर नेसुर, कैलाश गाउँपालिका-९ मा भुवनसिं घलान, भीमफेदी गाउँपालिका-६ मा सोमबहादुर घलान, बकैया गाउँपालिका-१२ मा ज्ञानेन्द्र बजगाई, हेटौंडा-१ मा सविन न्यौपाने, मनहरी गाउँपालिका-३ मा अनन्त अर्याल, भीमफेदी गाउँपालिका-७ मा मित्रबन्धु सिन्जाली, बकैया गाउँलिका-१० मा कमला वाइवा, मकवानपुरगढी गाउँपालिका-७ मा सूर्यबहादुर रूम्बा, मकवानपुरगढी गाउँपालिका-२ मा बखानसिं पाखिन, थाहा गाउँपालिका-६ मा राजेन्द्रभक्त श्रेष्ठ, हेटौंडा-२ मा विष्णुगोपाल महर्जन, राक्सिराङ गाउँपालिका-२ मा बुद्धराम मोक्तान, कैलाश गाउँपालिका-७ मा उदास भोलन, कैलाश गाउँपालिका-८ आशिष प्रजा र इन्द्रसरोवर-५ दुधराज तितुङले जीत हात पारेका छन् ।

नेकपा एमालेबाट राक्सिराङ गाउँपालिका-१ मा बाबीराम मुक्तान, कैलाश-१० मा सूर्यबहादुर ब्लोन, भीमफेदी गाउँपालिका-२ मा काशीराम बज्यु, भीमफेदी गाउँपालिका-४ मा सागर पाण्डे, इन्द्रसरोवर गाउँपालिका-३ मा प्रताप भोम्जन, इन्द्रसरोवर गाउँपालिका-४ मा चन्द्रकुमार बल, भीमफेदी गाउँपालिका-५ मा जाहारसिं लामा, भीमफेदी गाउँपालिका-८ मा विष्णुबहादुर लामा, बकैया गाउँपालिका-६ मा फूलबहादुर भोम्जन, भीमफेदी गाउँपालिका-९ मा प्रकाश पुडासैनी, हेटौंडा-१९ मा नरनाथ सुवेदी र थाहा नगर पालिकामा-५ विष्णुबहादुर गुरुङ विजयी भएका छन् ।

यस्तै, नेकपा माओवादी केन्द्रबाट थाहा नगरपालिका-१ मा हेरमान गोपाली, मनहरी गाउँपालिका-२ मा राजकुमार पाखीन, बागमती गाउँपालिका-१ मा यहुन्ना राई, भीमफेदी गाउँपालिका-३ मा पृतिलाल लामा, थाहा नगरपालिका-२ मा बमबहादुर सिंतान, बकैया गाउँपालिका-१ मा आशिष तितुङ, बकैया गाउँपालिका-२ मा विश्वराज स्याङतान, थाहा नगरपालिका-३ मा हिरेन्द्र रायमाझी, थाहा नगर पालिका-४ मा नारायण लामा, कैलाश गाउँपालिका-३ मा देवलाल बल र बकैया गाउँपालिका-८ विष्णु नेगी विजयी भएका छन् ।

#HetaudaAcademy
हार्दिक बधाई
तथा शुभकामना

यस विद्यालयका शिक्षक अभिभावक संघका अध्यक्ष श्री सविन न्यौपानेज्यू हेटौंडा उप-महानगरपालिका वडा नं १ को वडा अध्यक्षमा पुनः निर्वाचित हुनु भएकोमा उहाँलाई हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।
HETAUDA ACADEMY
Residential Secondary School
Shahid Smarak, Nawalpur, Hetauda, Nepal
Phone : 057- 525548, 057- 525547, 9855070233
e-Mail : info@hetaudaacademy.edu.np
www.hetaudaacademy.edu.np

पार्टी गर्दै हुनुहुन्छ ?
शुभ-विवाह, ब्रतबन्ध, हरेक प्रकारका पार्टी, सभा, सेमिनार तथा गोष्ठीका लागि हामीलाई सदैव सम्झनुहोस् ।
जय गणेश पार्टी प्यालेस प्रा.लि.
हेटौंडा उपमहानगरपालिका-५, अब्बलडाँडा
सानोपोखरा, मकवानपुर
९८५५०२७५१२ (अनिष वाग्ले)

जैविक मलका फाइदाहरू
रासायनिक मल तथा रासायनिक विषादिले बालीनालीको विकास केही हदसम्म गरेको भएता पनि केही समयको लगातार प्रयोगपछि त्यसले माटोमा भएको प्रभावकारी जीवाणुहरुलाई प्रदुशित बनाई इन्जाईम प्रक्र्यालाई अवरुद्ध गरेको छ, जसको कारणले माटोमा भएका सबै प्रकारका प्रभावकारी जीवाणु व्याक्टेरियाको विनास भई माटो अम्लीय हुने, माटोमा पानी अड्ने क्षमतामा ह्रास आई चिस्यान कम हुने, बिरुवाको जरा माटोमा प्रभावकारी तरिकाले फैलन नपाउने, बिरुवाले आवश्यक खाद्यतत्व पूरा गर्न नसकी बिरुवा कमजोर हुने, बढ्दो जलवायु परिवर्तन र सो ले पारेको पर्यावरणीय असरमा कमी नआउने, वातावरण प्रदषित क्रम बढ्दो मात्रामा रहने, विभिन्न प्रकारका रोगहरु लाग्ने तथा किरा नियन्त्रणको लागि रासायनिक विषादि प्रयोग गर्दै जाँदा ती शत्रु जीवाणुहरुमा विष पचाउने क्षमतामा बृद्धि भई प्रत्येकपटक विषादिको मात्रा बढाउँदै लैजानुपर्ने अवस्था, जसको कारण आज मानिस प्रत्येक खाद्य सामग्री कृषि उपज विषादियुक्त खान बाध्य छ । फलस्वरुप मानवमा विभिन्न प्रकारका रोगहरुको महामारी फैलिएको छ ।
त्यसैले जैविक मल नै प्रयोग गरौं ।
स्वस्थ कृषि उपज उत्पादनमा जोड दिऔं
पाइने स्थान:
सामुदायिक कृषि सहकारी संस्था लि.
हेटौंडा-८, कमाने
९८५५०६९०८६ राजेन्द्र ढकाल

हार्दिक बधाई तथा शुभकामना

मेरा आत्मीय भाई सविन न्यौपाने
स्थानीय तह निर्वाचन-२०७९ अन्तर्गत् हेटौंडा उपमहानगरपालिका वडा नम्बर १ मा जनताको अपार माया जित्दै गरिमामय वडा अध्यक्ष पदमा पुनः निर्वाचित हुनुभएकोमा हार्दिक बधाई तथा शुभकामनासहित कार्यकाल सफलताको शुभकामना व्यक्त गर्दछौं ।
राजकुमार रसाईली/समिता रसाईली
नव बुद्ध सुनचाँदी पसल हेटौंडा-१०, परिवार

हार्दिक बधाई तथा शुभकामना

आत्मीय दाजु विष्णुगोपाल महर्जन
स्थानीय तह निर्वाचन-२०७९ अन्तर्गत् हेटौंडा उपमहानगरपालिका वडा नम्बर २ मा जनताको अपार माया जित्दै गरिमामय वडा अध्यक्ष पदमा निर्वाचित हुनुभएकोमा हार्दिक बधाई तथा शुभकामनासहित कार्यकाल सफलताको शुभकामना व्यक्त गर्दछौं ।
राजकुमार रसाईली/समिता रसाईली
नव बुद्ध सुनचाँदी पसल हेटौंडा-१०, परिवार



गोर्खाली ट्रेड एण्ड सप्लायर्स
हेटौंडा-४, रजतजयन्ती, ,फोन: ९८४१७७७६६४, ९८५५०३१६६४

HETAUDA CITY HOSPITAL PVT.LTD.
Hetauda-1, Sub-metropolitan
Phone: 057-520315
VACANCY ANNOUNCEMENT
Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

S.No.	Designation	No.	Salary (Rs)	Min. Qualifications
1	Staff Nurse	Few	14000-18000	PCL/NHPC registered
2	CMA/ANM	Few	Negotiable	TSLC
3	Receptionist	Few	Negotiable	+2 completed

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.

हार्दिक बधाई तथा शुभकामना

यही मिति २०७९/०२/२ गते वैवाहिक जीवनमा प्रवेश गर्नु भएकी यस विद्यालयकी शिक्षिका श्री अनिता खड्का ज्यूलाई हार्दिक बधाई ज्ञापन गर्दै सुखद दाम्पत्य जीवनको शुभेच्छा व्यक्त गर्दछौं ।
हेटौंडा एकेडेमी परिवार

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना